# कृष्णपुर राजपत्र

कृष्णपुर नगरपालिकाद्धारा प्रकाशित

खण्ड : १, ७ नं. प्रदेश, गुलरिया, कञ्चनपुर, वैशाख ०२ गते आईतबार, २०७५ साल संख्या : ७

**भाग :- ३**

## कृष्णपुर नगरपालिकाको
## ब्याक्हो लोडर सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७४

**प्रस्तावना:**

कृष्णपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, कञ्चनपुरले खरिद गरेको ब्याक्हो लोडर विभिन्न व्यक्ति, समूह, समिति, संस्था र निकायलाई भाडामा उपलब्ध गराउँदा अवलम्बन गर्नुपर्ने विधि र प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि कृष्णपुर नगर कार्यपालिका, कञ्चनपुरको मिति २०७४/१२/१६-१७ को बैठकले पारित गरि कृष्णपुर नगरपालिकाको ब्याक्हो लोडर सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७४ लागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस निर्देशिकाको नाम कृष्णपुर नगरपालिकाको **"ब्याक्हो लोडर सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७४"** रहेको छ।

ख) यो निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषा :**

**बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा**

क) "निर्देशिका" भन्नाले ब्याक्हो लोडर सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७४ बुझ्नुपर्छ ।

ख) "नगरपालिका" भन्नाले कृष्णपुर नगरपालिका बुझ्नुपर्छ।

ग) "कार्यालय" भन्नाले कृष्णपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय कञ्चनपुर बुझ्नुपर्छ।

घ) "कोष" भन्नाले कृष्णपुर नगरपालिकामा यस निर्देशिका बमोजिम गठन गरिएको ब्याक्हो लोडर सञ्चालन कोष बुझ्नुपर्छ।

ङ) "ब्याक्हो लोडर" भन्नाले विकास निर्माण सम्बन्धी काम गर्न प्रयोग गरिने नगरपालिकाको स्वामित्वमा रहेको मेशीनरी उपकरणलाई जनाउँछ।

च) "धरौटी" भन्नाले कुनै काम नसकिए सम्म जमानत बापत राखिएको रकमलाई जनाउँछ।

**३. निर्देशिकाको उद्देश्य:**

**यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछ :**

क) नगरपालिकाको स्वामित्वमा रहेको ब्याक्हो लोडरलाई सदुपयोग गर्न सघाउ पुर्‍याउने।

ख) नगरपालिकाको ब्याक्हो लोडरलाई मितव्ययी पारदर्शी तरिकाले सञ्चालन गरी नगरपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्ने तथा जनतालाई सुलभ र गुणस्तरीय सेवा दिई नगरपालिका प्रति जनताको अपनत्व वृद्धि गर्ने।

krishnapur municipality

ग) आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित र वित्तिय कुशलता हासिल गर्न सघाउ पुर्‍याउने ।

घ) नगरपालिकाको संस्थागत क्षमता विकास, आयोजना व्यवस्थापन र वित्तिय अनुशासन कायम गर्ने ।

ङ) ब्याक्हो लोडर संचालन तथा व्यवस्थापन समितिलाई उल्लेखित साधनहरु प्रति अझ बढी जिम्मेवार र उत्तरदायी बनाउने ।

च) ब्याक्हो लोडरलाई कुशलता पूर्वक संचालन गरी दीर्घकालिन रुपमा प्रयोगमा ल्याउने ।

**४. ब्याक्हो लोडर प्रयोगको क्षेत्र र प्राथमिकताक्रमः**

क) ब्याक्हो लोडर दैवी प्रकोप, फोहरमैला व्यवस्थापन तथा विकास निर्माण सम्बन्धी कार्यका साथै तोकिएको भाडादरमा समेत प्रयोग गरिनेछ ।

ख) नगरपालिकाको स्वामित्वमा रहेको ब्याक्हो लोडर प्रयोग गर्न उपलब्ध गराउँदा देहायको प्राथमिकता बमोजिम गरिने छः

अ) दैवी प्रकोप उद्धारको कार्य

आ) नगरक्षेत्रमा नगरपालिकाबाट संचालन भएका विकासका आयोजनाहरुको कार्य

इ) नगर क्षेत्रमा उपभोक्ता समितिबाट कार्यान्वयन गरिएका विकास आयोजनको कार्य (तोकिएको भाडादरमा)

ई) नगरपालिका क्षेत्रभित्र सरकारी, गैर सरकारी क्षेत्रबाट संचालित विकास आयोजनामा सम्बन्धित कार्यमा नगर क्षेत्रका अन्य व्यवसायी, निर्माण कर्मीहरुलाई भाडामा दिँदा ।

उ) नगरपालिका क्षेत्र बाहिर कञ्चनपुर जिल्लाभित्र संचालित विकास निर्माण सम्बन्धीत कार्यका लागि विभिन्न निर्माण व्यवसायी, व्यक्ति, समुह समिति वा संस्थालाई भाडामा दिँदा ।

**५. ब्याक्हो लोडर संचालनका लागि जनशक्ति व्यवस्थाः**

क) ब्याक्हो लोडर संचालन गर्नका लागि एक जना हेभी सवारी चालक र एक जना ब्याक्हो लोडर सहयोगीको व्यवस्था गरिनेछ ।

ख) ब्याक्हो लोडर चालक र सहयोगीको पारिश्रमिक तथा सुविधा नगर कार्यपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ ।

ग) ब्याक्हो लोडर चालक र सहयोगीको सेवा करारमा लिइनेछ ।

घ) ब्याक्हो लोडरको संचालनबाट प्राप्त आम्दानीको आधारमा नगर कार्यपालिकाको निर्णय बमोजिम थप प्रोत्साहनको व्यवस्था गर्न सकिनेछ ।

**६. ब्याक्हो लोडरको भाडा र दर निर्धारणः**

नगरपालिकाको ब्याक्हो लोडरको भाडा दर प्रचलित बजार मुल्यलाई आधार मानी नगर कार्यपालिकाद्धारा निर्धारण भए बमोजिम हुनेछ ।

**७. ब्याक्हो लोडर भाडामा दिदा अपाउनुपर्ने कार्यविधिः**

क) भाडामा लिन चाहने व्यक्ति, संघ, संस्था, उपभोक्ता समिति, फर्म तथा कम्पनीको प्रोप्राईटरले नगरसभा वा नगर कार्यपालिकाबाट स्वीकृत दररेटमा अग्रीम रुपमा रकम नगरपालिकामा नगदै जम्मा गरेको धरौटी रसिद वा नगरपालिकाको नाममा नगदै वा कृष्णपुर नगरपालिकाले तोकिदिएको बैंकको खातामा तोकिएको समय अनुसारको रकम जम्मा गरेको बैंक भौचर सहित नगरपालिका कार्यालय समक्ष निवेदन दिनुपर्नेछ । तर नगरपालिकाद्धारा गठन भएका उपभोक्ता समितिहरुको हकमा यो दफा लागु हुनेछैन ।

ख) यसरी निवेदन प्राप्त हुन आएमा समितिको बैठक बसी ब्याक्हो लोडर उपलब्ध गराउने सम्बन्धमा आवश्यक निर्णय गर्नेछ ।

ग) तोकिएको समयावधीको कार्य समय समाप्त भएपछिको थप समय काम गरेमा तोकिएको दरमा थप रकम समेत भुक्तानी गर्ने दायित्व उपभोग कर्ताको हुनेछ । भाडा रकम वाफतको नगरपालिकाले कट्टी गर्नुपर्ने रकमको नगदी कार्यालयले उपलब्ध गराउने छ ।

घ) धरौटी बाफत जम्मा भएको रकमले पुग्ने भन्दा बढी समय ब्याक्हो लोडर कार्य प्रकृया अगाडी बढाउन बाध्य हुने छैन ।

krishnapur municipality

ङ) कार्यालयमा आई वा कार्यालयका प्रतिनिधि वा ब्याक्हो लोडर चालकलाई धरौटी वाफत थप रकम बुझाएमा कार्य सुचारु गर्न सकिनेछ । सो कुराको जानकारी कुनै पनि संचारको माध्यमबाट तुरुन्त कार्यालय प्रमुखलाई गराउनु पर्नेछ ।

च) कार्यालयको अनुमती नलिई चालकले कार्य प्रक्रिया अगाडी बढाएमा चालकबाटै सरकारी बाँकी सरह असुल उपर गरी चालकलाई विभागीय कारवाही गरिनेछ ।

छ) ब्याक्हो लोडर भाडामा लिन चाहने व्यक्ति संस्था, फर्म, उपभोक्ता समिति, कम्पनी वा प्रोप्राईटरले भाडामा लिँदा, भाडा कृष्णपुर नगरपालिका कार्यालय वा ब्याक्हो लोडर रहेकै स्थानबाट भाडादर गणना गरिनेछ ।

ज) यदि नगरपालिकाको कोषबाटै हुने विकास निर्माण कार्यको हकमा व्यक्ति, संस्था, फर्म कम्पनी, उपभोक्ता समितिले कार्य संचालन गर्दा नगरपालिकाले निजको बिलबाट कट्टा हुने गरी तोकिएको भाडादरमा ब्याक्हो लोडर उपलब्ध गराउन सक्नेछ । तर अग्रीम नगदै वा बैंक जम्मा गर्ने व्यक्ति फर्म, संस्था, कम्पनी, निर्माण व्यवसायी वा उपभोक्ता समितिलाई विशेष प्राथमिकता दिईनेछ ।

झ) ब्याक्हो लोडर भाडामा लिने व्यक्ति फर्म, संस्था, कम्पनी, निर्माण व्यवसायी, उपभोक्ता समितिले ब्याक्हो लोडर भाडामा लिने स्थान देखि नै इन्धन खर्च व्यर्होनु पर्नेछ ।

ञ) ब्याक्हो लोडरको आन्तरिक खाता बेग्लै हुनेछ । उक्त खातामा उक्त मेशिनले कार्य गर्दा प्राप्त हुने भाडा रकमलाई जम्मा गरिनेछ । खाता प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।

ट) चालकले प्रत्येक घण्टाको लगबुक तयार गर्नु पर्नेछ । कार्य स्थलमा काम गर्दा बढी रकम गरी कम काम देखाई वा तोकिएको भन्दा बढी काम गरी कुनै तरिकाले कुनै कर्मचारी तथा पदाधिकारी, व्यक्ति, संस्था, निर्माण व्यवसायी वा उपभोक्ता समितिको यस निर्देशिका भावना र मर्म विपरीत हुने गरी प्रलोभन, मोलाहिजा, भनसुन तथा कसैको डर, धाक धम्कीमा परी कसैलाई संचालन गर्न दिए हानी नोक्सानी भएको रकम चालकबाटै अशुल उपर गरी उल्लेखित कार्यलाई गम्भिर अपराध मानी प्रचलित कानून बमोजिम निजलाई कारवाही गरिनेछ ।

ठ) नगरपालिकाको ब्याक्हो लोडरको अनिवार्य रुपमा बिमा बनाउनु पर्नेछ ।

**८. ब्याक्हो लोडरको व्यवस्थापन र संचालन कोष**

नगरपालिकामा ब्याक्हो लोडर संचालन कोष रहनेछ । यस कोषमा ब्याक्हो लोडर भाडामा दिँदा प्राप्त भएको रकम जम्मा गरिने छ । उक्त कोषबाट तपशिल बमोजिमका शिर्षकहरु बाहेक अन्य शीर्षकमा कुनै रकम खर्च गरिने छैन ।

क) सवारी चालक र सहयोगीलाई दिइने तोकिए अनुसारको तलब भत्ता रकम ।

ख) इन्धन खर्च ।

ग) मेशिनरी औजार उपकरण पाटपूर्जाको मर्मत तथा खरिद खर्च ।

घ) मेशिन संचालन गरेबाफत नेपाल सरकारलाई तिर्नुपर्ने कर रकम ।

ङ) ब्याक्हो लोडर सञ्चालन तथा व्यवस्थापन समितिको बैठक बस्दा भएको चिया नास्ता खर्च ।

च) नगर कार्यपालिकाले निर्णय गरे अनुसारका अन्य शिर्षकहरुमा खर्च हुने रकम ।

छ) मेसिन संचालन गर्दा आईपर्ने विविध तथा भैपरी खर्च ।

**९. ब्याक्हो लोडर व्यवस्थापन तथा संचालन कोषको संचालन :**

क) ब्याक्हो लोडर व्यवस्थापन तथा संचालन कोषको सञ्चालन स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम गरिनेछ ।

ख) ब्याक्हो लोडर संचालन तथा व्यवस्थापन कोषको खाता संचालन प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट गरिनेछ ।

ग) ब्याक्हो लोडर संचालन तथा व्यवस्थापन कोषको आन्तरिक तथा अन्तिम लेखा परीक्षण नगरपालिकाको लेखा परीक्षण सँगै गराउनु पर्नेछ ।

**१०. ब्याक्हो लोडरको व्यवस्थापन र संचालनका समितिको गठन**



krishnapur municipality

ब्याक्हो लोडरको संचालन र व्यवस्थापनका लागि देहाय बमोजिम एक ब्याक्हो लोडर तथा संचालन समिति हुनेछ ।

| | | |
|---|---|---|
| क) | योजना तथा प्राविधिक शाखा प्रमुख | संयोजक |
| ख) | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ग) | वातावरण तथा फोहरमैला व्यवस्थापन शाखा प्रमुख | सदस्य |
| घ) | समितिले तोकेको अन्य एक जना | सदस्य |
| ङ) | प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

**११. ब्याक्हो लोडर व्यवस्थापन तथा संचालन समितिको काम, कर्तव्य र अधिकार**

क) भाडामा संचालन हुने सवारी साधनहरुको माथी उल्लेखित प्रावधानहरुको परिधि भित्र व्यक्ति, संस्था, निर्माण व्यवसायी, उपभोक्ता समितिहरुलाई भाडामा सवारी साधनलाई उपलब्ध गराउने ।

ख) सवारी साधनहरुको मर्मत सम्भार तथा पाटपुर्जा थप गर्नुपर्ने भए निर्णय गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

ग) समितिको बैठक कम्तिमा महिनाको २ पटक अनिवार्य रुपमा बस्नु पर्नेछ । आवश्यकता अनुसार थप बैठकहरु बस्न सक्नेछन् । उक्त बैठकमा साधनको अवस्था, वस्तुस्थिति र आय व्यय समेतको समिक्षा गरी प्रमुख प्रशासकिय अधिकृतलाई जानकारी गराउने र प्रमुख प्रशासकिय अधिकृतले कार्यपालिका समक्ष जानकारी गराउनेछ ।

घ) बैठकको गणपुरक संख्या दुई तिहाई हुनेछ । बहुमत सदस्यको निर्णय मान्य हुनेछ ।

ङ) बैठक संचालन हुँदा उक्त कोषबाट खाजा खर्च बाहेक अन्य खर्च गरिने छैन ।

**१२. निर्देशिकाको पालना :**

नगरपालिकाले यस निर्देशिकाका प्रावधानहरुको अतिरिक्त बजेट अख्तियारमा तोकिएका शर्तहरु, नगरकार्यपालिका तथा नगर सभाबाट गरिएको निर्णयहरुको समेत पालना गर्नु गराउनु पर्नेछ ।

**१३. थपघट वा हेरफेर गर्न सक्ने :**

यस निर्देशिका कार्यान्वयनका शिलशिलामा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगर कार्यपालिकाले यस निर्देशिकामा आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

**१४. संशोधन, खारेजी र बचाऊ :**

क) यस निर्देशिकामा उल्लेखित कुराहरुमा छुट हुन गई कुनै कुरा थपघट वा हटाउन वा परिमार्जन गर्न परेमा नगर कार्यपालिका र नगर सभाले मात्र गर्न सक्नेछ ।

ख) यस निर्देशिकामा उल्लेख गरिएका कुराहरुका हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएका कुराहरुका हकमा नगर कार्यपालिका तथा नगर सभाको निर्णय, निर्देशन वा आदेश बमोजिम हुनेछ ।

आज्ञाले,
महेश बहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

krishnapur municipality